का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक १०२
❐ १९ जेठ २०७७, सोमबार
❐ 1 June 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

अपडेट: आइतबार साँझसम्म

नेपालमा	संक्रमित	निको भएको	परीक्षण गरिएको	आइसोलेसनमा	मृत्यु
	१५६७ जना	२२० जना	६९५८२	१३३९	८ जना

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विश्वभर	संक्रमित	निको भएको	मृत्यु भएको	उपचारत
	६१ लाख ९८ हजार	२७ लाख ७१ हजार	३ लाख ७१ हजार	३० लाख ६५ हजार

स्रोत : वर्ल्डोमिटर डटकम

शुरू रोपाइः प्यूठानको भिमरूक फाँटमा धान रोपाइँ गर्दै किसान । गएको वर्ष जेठको पहिलो साता सकिएको रोपाइँ यस वर्ष बल्ल शुरू भएको छ ।
–तस्बिर : टीकाराम पोखरेल, रासस

संशोधन विधेयक पेश

लिम्पियाधुरा सहित समेटेर जारी गरिएको राजनीतिक तथा प्रशासनिक नक्सा नेपालको निशाना छापमा परिवर्तन गर्न संघीय संसदको प्रतिनिधिसभामा संविधान संशोधन विधेयक–२०७७ (दोस्रो संशोधन) पेश गरिएको छ ।

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, १८ जेठ ।

संघीय संसदमा नेपालको संविधान संशोधन विधेयक-२०७७ (दोस्रो संशोधन) पेश भएको छ । आइतबारको प्रतिनिधसभा बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा.शिवमाया तुम्बाहाङ्फेले पेश गरेकी हुन् । मन्त्री तुम्बाहाङ्फेले नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानको अनुसूची-३ मा रहेको निशान छापमा समेट्न विधेयक पेश गरेकी छन् ।

विधेयकको विपक्षीमा कुनै पनि संशोधन प्रस्ताव दर्ता नभए पछि आइतबार टेबल भएकै दिन विधेयक पेश भएको छ । सभामुख अग्नी सापकोटाले कुनै पनि विरोधपत्र दर्ता भएकाले संशोधन विधेयक पेश गर्ने अनुमति दिएका थिए । सरकारले ९ जेठमा संघीय संसदको 'नेपालको संविधान (दोस्रो संशोधन), २०७७' विधेयक दर्ता गराएको थियो ।

६ जेठमा जारी नेपालको नयाँ नक्साअनुसार नेपालको संविधानको अनुसूची-३ मा रहेको निशान छापभित्र अंकित नेपालको नक्सालाई नेपालको वास्तविक सीमा अनुरुप मिलाउन

भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको भूभाग समेटेर राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गरेपछि सरकारले संविधानको अनुसूची पनि संशोधन गर्ने प्रक्रिया अघि बढाएको थियो । प्रस्ताव पेश गर्नुअघि कानूनमन्त्री तुम्बाहाङ्फेले विधेयक प्रस्तुत गर्न अनुमति गरेकी थिइन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले यही जेठ १३ गते संसद्मा सहभागी दलका नेताहरुसँगै सर्वदलीय बैठक आयोजना गरी राष्ट्रिय अखण्डता र सार्वभौमसत्ताका विषयमा सबै राजनीतिक दललाई एकता बद्ध रूपमा प्रस्तुत हुन र संविधान संशोधनको पक्षमा उभिन आग्रह गरेका थिए ।

तर, प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले संविधान संशोधनबारे निर्णय लिन केन्द्रीय कार्य समिति बैठक बस्नुपर्ने भन्दै समय मागेको थियो । काँग्रेसको मागअनुसार, १४ जेठमा राखिएको कार्यसूची हटाइएको थियो । तर, शनिबार बसेको केन्द्रीय कार्य समितिको बैठकले सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्तावका पक्षमा मतदान गर्ने निर्णय गरिसकेको छ ।

काँग्रेस केन्द्रीय कार्यसमितिको बैठकले सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्तावका पक्षमा मतदान गर्न पार्टीको संसदीय दललाई निर्देश गर्ने निर्णय गरेको थियो । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीले संविधान संशोधन सम्बन्धी सरकारको प्रस्तावलाई समर्थन गर्ने निर्णय गरेको छ ।

विपक्षी टिप्पणी

जनता नबचाउने बजेट

"बजेट सापेक्षित र जनताको आवश्यकता सम्बोधन गर्नेगरी आएको छ । तर, धेरैको चासो रहेको कृषिमा बजेट कमी भयो ।"

■ **सुरेन्द्र पाण्डे**
पूर्व अर्थमन्त्री, नेता, नेकपा

"सरकारले कोरोना महामारीको असर अनुमान लगाउन सकेन । एमसीसीको निर्णयले भने बजेट कार्यान्वयनमै आशंका जन्मायो ।"

■ **प्रकाशमान सिंह**
पूर्व मन्त्री, नेता, नेपाली काँग्रेस

"बजेटले शासकलाई दाता र जनतालाई भिखारीका रूपमा हेरिएको छ । यसले अपौनिवेशिक मानसिकता तोड्न सकेको छैन ।"

■ **राजेन्द्र महतो**
पूर्व मन्त्री, नेता, जसपा

"यो बजेटले समानुपातिक विकासको नीति अवलम्बन गर्न सकेको छैन । यसरी संघीयता कार्यान्वयन हुन सक्दैन"

■ **बाबुराम भट्टराई**
पूर्व प्रधानमन्त्री

आगामी आर्थिक वर्षका लागि अर्थमन्त्री युवराज खतिवडाले प्रस्तुत गरेको बजेटले कोभिड महामारीको असरबाट अर्थतन्त्र र जनता बचाउन नसक्ने विपक्षी दलहरूले टिप्पणी गरेका छन् ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १८ जेठ ।

जेठ १५ गते संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वषको बजेटले कोभिड महामारीको असरबाट अर्थतन्त्र र जनता बचाउन नसक्ने विपक्षी दलहरुले टिप्पणी गरेका छन् । बजेट माथिको सैद्धान्तिक छलफलमा भाग लिदै विपक्षी दलहरु नेपाली काँग्रेस, जनता समाजवादी पार्टी, राप्रपा, राष्ट्रिय जनमोर्चा लगायतले टिप्पणी गरेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले आर्थिक वर्ष २०७७/७८ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलमा भाग लिँदै सांसद प्रकाशमान सिंहले कोरोनाले पारेको प्रभाव न्यूनीकरण गर्नेतर्फ सरकारले ध्यान नदिएको आरोप बताए । सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको सुझावलाई बजेटले कार्यान्वयन नगरेको, अनुत्पादक खर्च घटाउनेतर्फ ध्यान नदिएको र ठूला तथा राष्ट्रिय गौरवका आयोजना पूरा गर्नेतर्फ ठोस व्यवस्था नभएको उनको भनाइ छ ।

राष्ट्रिय गौरवका आयोजनाको कार्यप्रगति हेर्ने जिम्मा प्रधानमन्त्रीले नै लिए पनि परियोजनाको हालत दुरुहपूर्ण रहेको तथा मेलम्ची खानेपानी आयोजनाको पहिलो खण्ड नै पूरा नभएको अवस्थामा दोस्रो खण्ड शुरु गर्ने विषय आफैंमा मिल्दो नभएको उनले बताए । युवा तथा खेलकुद, अन्तरदेशीय प्रसारण लाइन तथा लप्सेफेदी-रातमाटे ४०० केभी प्रसारण लाइन निर्माणको विषयमा सत्तारुढ दलभित्रै सहमति नभएको अवस्थामा कार्यान्वयन हुनेमा आशंका व्यक्त गरे ।

ज्नता समाजवादी पार्टीका नेता राजेन्द्र महतोले बजेट अपौनिवेशिक मानसिकताकै निरन्तरता मात्रै भएको बताए । यो बजेट महामारीबाट बाँकी पृष्ठ २ मा

२४ घण्टामा दुईको मृत्यु

■ संक्रमित संख्या १५६७ पुग्यो

शनिबार देखि २४ घण्टामा कोरोना संक्रमणबाट दुई जनाको मृत्यु भएको र १६६ जना संक्रमित भएको पुष्टि भएको छ ।

मध्यान्ह संवाददाता
काठमाडौं, १८ जेठ ।

आइतबार कोरोना संक्रमणबाट एक बालिकाको मृत्यु भएको पुष्टि भएको छ । आइतबार बिहान बाजुरा जिल्ला अस्पतालमा ज्यान गुमाएकी दुई वर्षीया बालिकामा कोरोनाको संक्रमण पुष्टि भएको हो । २४ घण्टामा दुई जना संक्रमणबाट मृत्यु भएको पहिलो पटक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टि गरेको छ ।

आइतबार दैलेखमा एक युवकको संक्रमणबाट मृत्यु भएको पुष्टि भएको थियो । यो सँगै, नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या आठ पुगेको छ । मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी आइतबार २४ घण्टामा १६६ जनामा कोरोना संक्रमण पुष्टि भएको जनाएको छ ।

६९ हजार ५८२ जनामा पीसीआर परीक्षण गरिएकोमा १५७६ जनामा संक्रमण पुष्टि भएको छ । आइतबारसम्म २२० जना संक्रमित निको भएर घर फर्किएका छन् । अझै एक लाख १० हजार क्वारेन्टिनमा राखिएका छन् भने १३३९ जना आइसोलेसनमा छन् ।

डोटीको शिखर नगरपालिका–३ कालागाढको जंगलमा भारतबाट आएका नेपाली नागरिकलाई राख्नका लागि नेपाली सेनाले निर्माण गरेका क्वारेन्टिन । *तस्वीरः विमलबहादुर विष्ट, रासस*

विदेशमा १२१ को मृत्यु

महामारीबाट शनिबार साँझसम्म नेपाल बाहिर मृत्यु हुने नेपालीको संख्या १२१ पुगेको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार यो साता थप सात नेपालीले कोरोनाका कारण ज्यान गुमाएका छन् । संघका अनुसार संयुक्त अरब इमिरेट्स, बेलायत र संयुक्त राज्य अमेरिका, कुवेत र सउदी अरबमा एकएक तथा बहराइनमा दुई नेपालीको यो साता निधन भएको हो ।

संघअन्तर्गत स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार सबैभन्दा बढी बेलायतमा ६६ गैरआवासीय नेपालको मृत्यु भएको छ । समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार युएईमा १९ नेपालीको निधन भएको छ ।

अमेरिकामा कोरोना भाइरसका कारण ज्यान गुमाउनेको नेपालीको संख्या १७ पुगेको छ । यसैगरी साउदी अरबमा आठ, बहराइनमा तीन, कुवेतमा दुई तथा कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्डस् र स्वीडेनमा एकएक जनाको मृत्यु भएको छ । संयोजक डा बाँकी पृष्ठ २ मा

मलेसियाले जुन भित्रै अवैध कामदार फर्काउने

मध्यान्ह संवाददाता
काठमाडौं, १८ जेठ

मलेसियाले आगामी सातादेखि अवैध रुपमा बसिरहेका आप्रवासी कामदार फर्काउन शुरु गर्ने बताएको छ । जुन ६ तारिकमा अवैध हैसियतमा रहेका ईण्डोनेशीयाली कादारहरुहरुलाई स्वदेश फर्काइने तयारी गरिएको त्यहाँका रक्षा मन्त्री ईस्माईली सात्री याकोवले बताएका छन् । मलेसियामा औद्योगिक प्रतिष्ठान तथा व्यापारिक मलहरु खुला भएपनि आगामी जुन ५ सम्म आवागमन नियन्त्रण आदेश (एमओसी)को अवधि छ ।

मलेसियाले शुरुमा फर्काउने योजना बनाएको अवैध ईण्डोनेशीयाली कामदारहरुलाई फर्काउन कोरोना भाइरस संक्रमणको परीक्षण भइरहेको बताइएको छ । अवैध हैसियतमा बसेका भएपनि संक्रमण मुक्त रहेकाहरुलाई मात्र स्वदेश पठाइने मन्त्री याकोवलाई उदृध गर्दै स्थानीय दि स्टार अनलाइनले उल्लेख गरेको छ ।

परीक्षणको कार्य समाप्त भएपछि आगामी तीन हप्ताभित्र उनीहरुलाई स्वदेश फर्काइसक्ने तयारी रहेको उनले बताएका छन् । मलेसियामा हाल २५ हजार नेपाली अवैध रुपमा बसीरहेको अनुमान छ । त्यसमध्ये २ सय ४६ जना घरफिर्ती केन्द्र भनिने मलेसियाका डिटेन्सन सेन्टरमा रहेका छन् ।

मलेसियाले अवैध हैसियतमा रही पक्राउ परेका नेपालीहरुलाई पनि जुन महिनाभित्रै फर्काउने तयारी गरेको बताइएको छ । मलेसिया गएका कामदारका सबैजसो देशमा हाल अन्तर्राष्ट्रिय उडान प्रतिवन्ध रहेको छ । तर मलेसियाले सबै मुलुकले आफ्ना नागरिक सहज रुपमा फिर्ता लैजाने वातावरण बनाउने अपेक्षा गरेको मन्त्री याकोवले बताएका छन् ।

रक्षामन्त्री याकोवले गृह मन्त्रालयसहित विभिन्न मन्त्रालयसँगको छलफलपछि अवैध हैसियतमा रहेका आप्रवासी कामदार फर्काउने निर्णय गरिएको बताउँदै यस पटक संक्रमण नरहेका सबैजसो आप्रवासी फर्काइने बताएका छन् । गैरकानूनी हैसियतमा रहेका विदेशी कामदारलाई घर फर्काउने अभियान चलाएको मलेसियाले गत मे शुरुदेखि धरपकड गरिरहेको बताइएको छ । तर संयुक्त राष्ट्रसंघसहित स्थानीय अधिकारवादीहरूले कोरोना परीक्षण नगरी आप्रवासी कामदारहरु जथाभावी धरपकड गरेको कारण कोरोना संक्रमण फैलिएको टिप्पणी गरेका छन् । मलेसियाले पक्राउ परेका अवैध आप्रवासी कामदार हरुलाई बुकित जेल, सेमेन्हिया र सेपाङ घर फिर्ती केन्द्रमा राखेको छ ।

मलेसियामा हालसम्म ६६ जना नेपालीलाई कोरोना संक्रमण पुष्टि भएको छ । त्यसमध्ये घरफिर्ती केन्द्रमा राखिएका ३ जना संक्रमित छन् । आइतबार ५७ जना नयाँ विरामी थपिएको मलेसियामा संक्रमितको संख्या ७ हजार ८ सय १९ पुगेको छ । हालसम्म १ सय १५ को ज्यान गएको मलेसियामा विगत ९ दिनदेखि एक जनाको पनि ज्यान नगएको त्यहाँको स्वास्थ्य सेवा विभागले बताएको छ ।

वैदेशिक रोजगार विशेष

मलेसियमा टिकट बुकिङ भन्दै रकम उठाउने धन्दा

काठमाडौं/मस– मलेसियाले आगामी सातादेखि अवैध रुपमा बसिरहेका आप्रवासी कामदार फर्काउन शुरु गर्ने तयारी गरेपछि मलेसियामा बसेर व्यापार गर्ने केही नेपालीहरुले चार्टर फ्लाईटको टिकट खुलेको भन्दै रकम संकलन गर्न शुरु गरेका छन् ।

गत मार्च १८ तारिकदेखि मलेसियामा लागू भएको आगावगन प्रतिवन्ध आगामी जुन ५ तारिकसम्म रहेको छ । उक्त समुहले ६ तारिकदेखि आवागमन प्रतिवन्धको आदेश खारेज हुने र सोही मितिदेखि नेपालमा चार्टर फ्लाईट भई स्वदशे फर्किन पाइने भन्दै बुकिङ खुलेको हल्ला चलाएर रकम उठाउन शुरु गरेको बताइएको छ ।

आवागमन आदेश लागू भएको अवस्थामा नेपालका लागि चार्टर फ्लाईट शुरु भएको हल्ला चलेपछि मलेसियाका विभिन्न स्थानमा रहेका नेपाली कामदारहरुले त्यहाँस्थित नेपाली दूतावासले राहत तथा उद्धारका लागि सञ्चालन गरेको ०१६-२४७२७७७ नम्बरमा निरन्तर सम्पर्क गरेर जवाफ मागिरहेको दूतावासमा कार्यरत द्वितीय सचिव यशु बस्नेतले बताइन् ।

बाँकी पृष्ठ २ मा

‘राष्ट्रिय मुद्दामा दलीय एकता जरूरी’

काठमाडौं/मस- प्रतिनिधिसभाको आइतबारको बैठकको शुन्य समयमा सांसदहरुले राष्ट्रियताको पक्षमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले शनिबार गरेको निर्णय सकारात्मक रहेको बताएका छन् । उनीहरुले राष्ट्रिय मुद्दामा दलीय एकता जरुरी रहेको र दलगत स्वार्थभन्दा माथि उठेर व्यवहार प्रदर्शन भएकामा सन्तोष व्यक्त गर्दै कोभिड-१९ को संक्रमणविरुद्ध लड्नसमेत आमसहमतिमा जोड दिए ।

शनिबार बसेको कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकले सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्तावका पक्षमा मतदान गर्ने निर्णय गरेको थियो । बैठकले सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्तावका पक्षमा मतदान गर्न पार्टीको संसदीय दललाई निर्देश गर्ने निर्णय गरेको थियो । काँग्रेसले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालका भूभाग भएको र तिनमा निर्वाधरूपले नेपालको हक स्थापित हुनुपर्ने अडान दोहोऱ्याएको छ ।

बैठकमा सांसद विनाकुमारी श्रेष्ठले राष्ट्रियताको पक्षमा उभिने कांग्रेसको निर्णय सकारात्मक रहेको र यस विषयमा संसद्मा रहेका दल एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिइन् । सांसद हरि अधिकारीले राष्ट्रिय विषयमा दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थका साथ एकै स्थानमा उभिने निर्णय आफैंमा महत्वपूर्ण रहेको बताए ।

सांसद विरोध खतिवडाले राष्ट्रियता एकता प्रदर्शन भएकामा प्रतिपक्षी दललाई धन्यवाद दिँदै कूटनीतिक पहलमार्फत सीमा विवाद समाधान गरिनुपर्ने बताए । उनले कालापानी-लिम्पियाधुरा-लिपुलेक क्षेत्रमा भारतले एकतर्फीरूपमा सडक निर्माण गरी उद्घाटनसमेत भएको र त्यहाँ सार्वजनिक यातायातसमेत सञ्चालन गर्ने तयारी गरिएको भन्ने जानकारी आएकाले त्यसलाई रोक्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद शान्तिमाया तामाङ पाख्रिनले राष्ट्रियताप्रति कांग्रेसको समर्थन सराहनीय रहेको हुँदा आगामी दिनमा अन्य राष्ट्रिय हितका सवालमा एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिइन् । सांसद सुरेन्द्रकुमार कार्कीले भारतमा रहेका नेपाली विभिन्न नाकाबाट फर्किने क्रम बढिरहेकाले उनीहरुलाई नाकाबाट व्यवस्थितरूपमा आ-आफ्नो गाउँ तथा थातथलोमा पुऱ्याउन माग गरे ।

सांसद लालबाबु पण्डितले स्थानीय तहले क्वारेन्टिन व्यवस्थापन गर्न नसकेको आरोप लगाउँदै सङ्घीय सरकारलाई थप सहयोग गर्न माग गरे । सांसद बिन्दा पाण्डेले क्वारेन्टिनमा समेत महिला हिंसाका घटना बढेकाले दोषीलाई कानूनी दायरामा ल्याउन माग गरिन् । सांसद शशि श्रेष्ठले बन्दाबन्दीले अर्थतन्त्र धराशायी बनेको बताउँदै यसलाई क्रमशः खुकुलो बनाई जनजीवन सहज बनाइनुपर्ने बताइन् ।

सांसद शान्ता चौधरीले प्रेमकै कारण मृत्युसम्म पुगेको रुकुम घटना अपराधजन्य चर्चा गर्दै दोषीलाई कारवाही गर्न माग गरिन् । सांसद सत्यनारायण शर्मा खनालले कोरोना महामारी नियन्त्रणका लागि परीक्षणको दायरा बढाई सम्बन्धित क्षेत्रमा स्वास्थ्य सामग्रीको प्रबन्ध मिलाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद सत्या पहाडीले रुकुम घटना मानवजतिकै कुरुप घटना भएको बताउँदै बेपत्ताको खोजी गरी दोषीलाई कडा कारवाही गर्न तथा पीडित पक्षलाई राहत उपलब्ध गराउन माग गरे । सांसद सुदन किराँतीले पूर्वका भोजपुरलगायत पहाडी जिल्लामा कोभिड-१९ को परीक्षण दायरा बढाई स्वास्थ्य सामग्रीको व्यवस्था गर्न सङ्घीय सरकारसमक्ष माग गरे ।

भीमदत्त नगरपालिकाद्वारा महाकाली अस्पताललाई १० लाख सहयोग

गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, १८ जेठ

भीमदत्त नगरपालिकाले महाकाली अस्पताल सुधारका लागि आर्थिक सहयोग गरेको छ । नगरपालिकाले अस्पतालको पूर्वाधार, उपकरण र सामाजिक सेवा सुधारका लागि १० लाख सहयोग गरेको हो ।

नगरपालिकाले आइतबार प्रमुख जिल्ला अधिकारी नूरहरि प्रसाद खतिवडाको उपस्थितिमा अस्पतालाई १० लाखको चेक हस्तान्तरण गरेको छ। नगर प्रमुख सुरेन्द्र विष्टले अस्पताल विकास समितिका अध्यक्ष कृष्णदत्त जोशी बोक्सर र निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. हरि कुमार श्रेष्ठलाई चेक हस्तान्तरण गरे ।

नगर प्रमुख विष्टले अस्पताल सुधारलाई प्राथमिकता दिँदै आएका छन् । स्थानीय तहको निर्वाचनपछि अस्पताल सुधारका लागि सहयोग उपलब्ध हुँदै आएको छ। नगर प्रमुख विष्टले महाकाली अस्पताललाई व्यवस्थित गर्नका लागि नगरपालिकाले सहयोग गर्दै आएको बताए ।

‘भीमदत्त नगरपालिका अस्पताल सुधार गरी सेवालाई व्यवस्थित र गुणस्तरीय बनाउन चाहन्छ, त्यसका लागि सहकार्य, सहयोग गरी अघि बढेको छ,’ नगर प्रमुख विष्टले भने, ‘सहकार्य र सहयोगका लागि निरन्तरता दिन्छौं ।’ सो अवसरमा महाकाली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जोशीले नगर प्रमुख विष्टले अस्पताल सुधारलाई प्राथमिकता दिएर सहयोग गरेको बताए । ‘नगरपालिका र नगर प्रमुखज्यूले सहयोग गर्दै आउनुभएको छ, यसका लागि अस्पतालको तर्फबाट धन्यवाद दिन चाहन्छौं,’ अध्यक्ष जोशीले भने ।

सुनवल र रामग्राम नगरपालिकाद्वारा आइसोलेसन सेन्टर निर्माण

गौरीशंकर जयसवाल/मध्यान्ह
परासी, १८ जेठ

पश्चिम नवलपरासीको सुनवल नगरपालिकाले आईसोलेसन सेन्टर निर्माण गरेको छ । सुनवल नगरपालिकाको वडा नं १ स्थित बाल उद्यान केन्द्रमा कोरोना संक्रमाण पोजेटिभ देखिएका बिरामीहरुका लागि आईसोलेशन वार्ड सेन्टर निर्माण गरेको हो । प्रदेश सरकारको निर्णय अनुसार सुनवल नगरपालिकाद्वारा २५ बेडको आइसोलोसन सेन्टर निर्माण गरिएको नगरप्रमुख भिमबहादुर थापा क्षेत्रीले जानकारी दिए ।

निर्माण भएको आईसोलोशन सेन्टरमा सामान्य अवस्थाका कोरोना संक्रमित व्यक्तिहरुलाई राखेर उपचार सेवा दिने नगरप्रमुख थापा क्षेत्रीले बताए । आइसोलेसन सेन्टरमा आवश्यक पूर्वाधार, शौचालय, बाथरुम, वाईफाई, साउण्ड सिस्टम, सिसी टिभी, खाना नगरपालिकाले व्यवस्था गर्ने र जडान कार्यसमेत गरिएको नगरप्रमुख थापा क्षेत्रीले बताए । उनले आवश्यक सुरक्षा सामग्री सहित उक्त आइसोलोसन सेन्टरमा कोरोना संक्रमितलाई एमबिबिएस डाक्टरबाट उपचार सेवा दिने व्यवस्था मिलाइएको बताए ।

नगरभित्र क्वारेन्टाइनमा बसेकाहरुको पीसीआर परीक्षणमा रिपोर्ट पोजेटिभ आउने बित्तिकै उक्त आइसोलोसन सेन्टरमा राखेर उपचार सेवा दिने सुनवल नगरपालिकाले जनाएको छ। सुनवल नगरपालिकाको क्वारेन्टाइनमा हालसम्म एक सय ५८ जना रहेका मध्ये ७० जना डिस्चार्ज भइसकेका छन । क्वारेन्टाइनमा बसेका थप ३४ जनाको पीसीआर परीक्षण गरिएको र उनीहरुको रिपोर्ट आउन बाँकी रहेको नगरप्रमुख थापा क्षेत्रीले जानकारी दिए । सुनवल नगरपालिकाले १३ वटा वडामा क्वरेन्टाइन निर्माण गरेको र त्यसको अपनत्व सामुदायले लिने नगरप्रमुख थापा क्षेत्रीले विश्वास व्यक्त गरेका छन् ।

त्यस्तै पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाले ५० बेडको आइसोलेसन सेन्टर निर्माण गरको छ । प्रदेश ५ सरकारको निर्णय अनुसार नगरपाकिाले वडा ४ जितपुरस्थित पाल्ही बहुमुखी क्याम्पसको भवनमा ५० बेडको आइसोलेसन सेन्टर निर्माण गरेको हो। उक्त आइसोलेसनमा सामान्य अवस्थाका कोरोना संक्रमित व्यक्तिहरुलाई राखेर उपचार सेवा दिने रामग्राम नगरपालिका नगर प्रमुख नरेन्द्रकुमार गुप्ताले जानकारी दिए । आइसोलेसन सेन्टरमा आवश्यक पुर्वाधार, शौचालय, बाथरुम, चापाकल, बाउण्डरी, खानाको मेस र सरसफाई सेन्टरमा वाईफाई, सिसी टिभी जडान कार्य समेत गरिएको नगरप्रमुख गुप्ताले बताए । क्वारेन्टाइनमा आवश्यक सुरक्षा सामग्री एवं जनशक्ति खटाइने पनि नगरप्रमुख गुप्ताले जानकारी दिए ।

प्यूठानमा हालसम्म २८ जनामा आरडीटी पोजेटिभ

COVID-19
RT-qPCR kit
for specific
detection of
SARS-CoV-2

रविन विश्वकर्मा/मध्यान्ह
प्यूठान, १८ जेठ

प्युठानमा अहिलेसम्म २८ जनमा आरडीटी रिपोर्ट पोजेटिभ देखिएको छ । शनिवार जिल्लाको विभिन्न क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको आरडीटी परीक्षणको क्रममा ७ जनाको रिपोर्ट पोजेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय प्यूठानका कोरोना फोकल पर्सन पुस्कल श्रेष्ठले बताए ।

उनका अनुसार शनिबार मात्रै ऐरावती गाउँपालिकाका २ जना, मल्लरानी गाउँपालिकामा ३, नौबहिनी गाउँपालिकामा १ र प्यूठान नगरपालिकामा १ जनामा आरडीटी पोजेटिभ देखिएको हो । यस्तै शुक्रवार जिल्लाको ऐरावती गाउँपालिका ६ विजुलीस्थित जनता मा.वि.को क्वारेन्टाइनमा ५ जना ब्यक्तिको परीक्षण क्रममा आरडीटी पोजेटिभ रिपोर्ट आएको छ ।

पोजेटिभ रिपोर्ट देखिएका उनीहरुकोसहित विभिन्न नगरपालिका तथा गाउँपालिकाका क्वारेन्टाइनमा बसेका एक सय ४२ जनाको स्वाव संकलन गरी पीसीआर परीक्षणका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाउने तयारी भइरहेको श्रेष्ठले बताए ।

यसअघि जिल्लामा १ सय ६८ जनाको स्वाव संकलन गरी पिसिआर परीक्षणका लागि भैरहवा तथा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको थियो। जसमध्ये एक सय ४८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने २२ जनाको रिपोर्ट आउन अझै बाँकी रहेको छ। आरडीटीमा पोजेटिभ भेटिएका प्यूठान नगरपालिकाका १३, ऐरावती र मल्लरानी गाउँपालिकाका एक/एक जनाको यसअघि नै पिसिआर रिपोर्ट नेगेटिभ आएको थियो ।

प्रहरीद्वारा तस्करीका सामान नियन्त्रणमा

सहबान अन्सारी/मध्यान्ह
नवलपरासी, १८ जेठ

नवलपरासीमा सीमा सुरक्षासहित कोरोना रोकथाम तथा नियन्त्रणका लागि व्यापकरुपमा सशस्त्र प्रहरीको उपस्थिति रहँदा पनि लकडाउनको समयमा तस्करी बढ्दै गएको पाइएको छ । जिल्लाका सबै सीमानाकाहरुमा आवत जावतमा पूर्ण रोक लगाइएपनि उक्त तस्करी नियन्त्रण गर्नका लागि नेपाल प्रहरीले सक्रियता देखाएको छ ।

यसै क्रममा शनिबार राति सुस्ता गाउँपालिका वडा नं ५ बनकट्टीबाट भारतबाट अवैधरुपमा ल्याउँदै गरेको १ लाख ५० हजार मूल्य बराबरको विभिन्न किराना समानहरु र चिनी प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यसैगरी शुक्रबार राति प्रतापपुर गाउँपालिका वडा नं ५ धरमौलीबाट भारतबाट अबैधरुपमा ल्याउँदै गरेको करिब ८० हजार मुल्य बराबरको गुट्खा (शुद्धप्लस) प्रहरीले नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय बेलाटारीका प्रहरी निरीक्षक खुमानन्द पाण्डेले जानकारी दिए । नियन्त्रणमा लिएको सामानहरु आवश्यक कारवाहीको लागि भन्सार कार्यालय महेशपुर पठाइने प्रहरीले जनाएको छ ।

कर्तव्य ज्यान मुद्दाका फरार यादव पक्राउ

शुभनारायण कामती/मध्यान्ह
सिरहा, १८ जेठ

[redacted]

सिरहाको मिर्चैया नगरपालिकाबाट कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी शनिबार राति पक्राउ परेका छन् । पक्राउ पर्नेमा मिर्चैया नगरपालिका वडा नं. १ बस्ने २० वर्षीय इन्दल भन्ने रुपेश यादवलाई प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय सिरहासमेतको संयुक्त प्रहरी टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । गत २०७४ असोज २३ गते सिरहाको साविक कर्जन्हा गा.वि.स. वडा नं.८ हाल कर्जन्हा नगरपालिका वडा नं. १० प्रयागपुर बस्ने वर्ष ३६ को शसि भुषण प्रसाद साहलाई निजकै घरमा कुटपिट गरी धारिलो हतियार खुकुरीले रेटी हत्या गरेको घटनाको अनुसन्धानबाट खुलेका प्रतिवादीहरु मध्ये मिर्चैया नगरपालिका वडा नं. १ बस्ने यादवलाई प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय सिरहा समेतको संयुक्त प्रहरी टोलीद्नारा खोजतलास गर्ने क्रममा शनिबार राति मिर्चैया नगरपालिका वडा नं.११ सितापुरस्थित ससुराली घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको हो ।

पक्राउ परेका यादवलाई थप न्यायिक कारबाहीको लागि सिरहा जिल्ला अदालतसमक्ष पेश गरिएको छ। साथै प्रतिवादीहरु मध्ये सोमन भन्ने राम ईश्वर कपारीलाई सिरहा जिल्ला अदालतको २०७४ साल पुस २५ गतेको आदेशले पूर्पक्षको निम्ति कारगार चलान गरिएको छ ।

परीक्षणबिनै झुलाघाट नाकाबाट भित्रिए एक हजार

बैतडी/रासस- नेपाल-भारत सीमा झुलाघाटबाट तीन दिनमा एक हजार ४८ जना स्वदेश भित्रिएका छन् । लगातार शनिबार तेस्रो दिन पनि नेपाली मजदुरको उद्धार गरिएको हो । बिहीबारदेखि शुरु गरिएको उद्धारमा शनिबार १८९ नेपाली स्वदेश भित्रिएको बैतडीका प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिए। यस्तै तीन भारतीय पनि भारत गएका उनले बताए ।

यसअघि शुक्रबार २८३ मजदुरलाई स्वदेश भित्र्याइएको थियो भने नौ भारतीय नागरिकलाई भारत पठाइएको थियो । बिहीबार पनि उक्त नाकाबाट ५७६ मजदुरलाई स्वदेश भित्र्याइएको थियो । स्वदेश भित्र्याइएका नागरिकहरू सुदूरपश्चिम र कर्णाली प्रदेशका छन् । स्वदेश फर्केका नागरिकलाई सम्बन्धित जिल्लामा पठाइएको र बैतडीको हकमा सम्बन्धित स्थानीय तहमा पठाइएको छ । उनीहरुलाई अनिवार्य १४ दिन क्वारेन्टिनमा राखिने र त्यसपछि मात्रै कोरोना परीक्षण गरिने सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले जानकारी दिए। झुलाघाट नाकाबाट स्वदेश भित्र्याउँदा सामान्य ज्वरो जाँच मात्रै गरी भित्र्याइएको छ । भारतका विभिन्न शहरबाट नेपाल प्रवेश गरेका उनीहरुलाई परीक्षणबिनै भित्र्याउँदा संक्रमणको जोखिम बढेको छ ।

किट अभाव

बैतडीमा भारतबाट फर्केका नागरिकको कोरोना परीक्षणका लागि आरडिटी किट अभाव भएको छ। क्वारेन्टिनमा चार हजार ६०० भन्दा बढी नागरिक बसे पनि जिल्लामा ८०० मात्रै आरडिटी किट मौज्दात रहेको स्वास्थ्य कार्यालयका कोभिड-१९ सम्पर्क व्यक्ति भुवनप्रसाद जोशीले बताए। सबै पालिकामा पठाएको समेत गनेर अहिले ८०० किट मात्रै मौज्दात रहेको उनले बताए ।

क्वारेन्टिनमा अहिले बसिरहेका नागरिक भारतका बढी कोरोना प्रभावित क्षेत्रबाट फर्केका भए पनि कोरोना परीक्षण नहुँदा जोखिम बढ्दै गएको स्वास्थ्यकर्मीले बताएका छन् । क्वारेन्टिनमा बसेकाहरुको आरडिटी मात्रै नभएर पिसीआर परीक्षण गर्नु उपयुक्त हुने मेलौली नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख नारायण चन्दले बताए। जिल्लामा भारतबाट फर्कने नागरिकको संख्या बढ्दै गएपछि कोरोना परीक्षणका लागि आरडिटी किट अभाव भएको स्वास्थ्य कार्यालयका प्रमुख योगेशप्रसाद भट्टले बताए। जिल्लामा आरडिटी किट अभाव भएपछि प्रदेश सरकारसँग किट उपलब्ध गराउन माग गरेको उनले बताए ।

भिटिएम पनि अभाव

भिटिएम अभावमा जिल्ला प्रहरी कार्यालयका प्रहरीको कोरोना परीक्षण हुनसकेको छैन । जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका एक थुनुवामा कोरोना पुष्टि भएपछि सबै प्रहरीको पिसीआर परीक्षण गर्ने भनिएको थियो तर स्वाब संकलन गर्नका लागि भिटिएम अभाव हुँदा सबै प्रहरीको पिसीआर परीक्षण हुन नसकेको हो ।

कर्तव्य ज्यान मुद्दामा वैशाख १५ गतेदेखि हिरासतमा रहेका शिवनाथ गाउँपालिका-२ का २२ वर्षीय युवकमा जेठ ९ गते कोरोना पुष्टि भएको थियो । त्यसपछि संक्रमितको सम्पर्कमा रहेका ४८ प्रहरीको पिसीआर परीक्षण गरिएको भए पनि थप अरुको हुन नसकेको बैतडीका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक डिल्लीनारायण पाण्डेयले जानकारी दिए । जिल्ला प्रहरी कार्यालयमा कार्यरत अन्य २८ जनाको अहिलेसम्म पनि पिसीआर परीक्षण हुन नसकेको उनले बताए । स्वाब संकलन गरी पिसीआर परीक्षणका लागि स्वास्थ्य कार्यालयलाई अनुरोध गरिएको भए पनि भिटिएम अभाव रहेको बताएको उनको भनाइ छ ।

यसका साथै सीमा प्रहरी चौकी झुलाघाटमा कार्यरत प्रहरीको पनि कोरोना परीक्षण हुनसकेको छैन । उक्त नाकाबाट उद्धारकार्य जारी रहेका बेला उनीहरुको पनि कोरोना परीक्षण गर्न अनिवार्य रहेको पाण्डेयको भनाइ छ । यसअघि परीक्षण गरिएका ४८ प्रहरीसहित ९९ जनाको रिपोर्ट भने नेगेटिभ आएको स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ ।

विपक्षी...

जनतालाई बचाउनेगरी नआएको बताए। “बजेटले शासकलाई दाता र जनतालाई भिखारीका रुपमा हेरिएको छ । यसले अपौनिवेशिक मानसिकता तोड्न सकेको छैन”, महतोले भने । महतोले सरकारले आगामी आवका लागि ल्याएको बजेट आम जनताको पक्षमा नभएको र सत्तारुढ दलको स्वार्थसिद्ध गर्न मात्रै केन्द्रित भएको आरोप लगाए ।

अर्का नेता एवम् पूर्व प्रधानमन्त्री बाबुराम भट्टराइले बजेटले समानपातिक विकासको सिद्धान्त पछ्याउन नसकेको बताए । “यो बजेटले समानुपातिक विकासको नीति अवलम्बन गर्न सकेको छैन। यसरी संघीयता कार्यान्वयन हुन सक्दैन”, भट्टराईले भने ।

सत्तारुढ सांसदहरुले भने यो बजेटले आवश्यकता र सापेक्षता समात्न सकेको बताएका छन्। पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेटले वर्तमान आवश्यकता पूरा गर्न सकेको बताए । “बजेट सापेक्षित र जनताको आवश्यकता सम्बोधन गर्नेगरी आएको छ । तर, धेरैको चासो रहेको कृषिमा बजेट कमी भयो”, उनले भने ।

विदेशम...

सापकोटाका अनुसार नेपालबाहेक बाहिर १४ हजार ४२५ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित भएको एनआरएन, कोभिड १९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिए ।

स्वास्थ्य समितिका अनुसार कतार, अमेरिका, युएई, बेलायत, साउदी अरब, कुवेत, बहराइन, मलेसिया, टर्की, डेनमार्क, पोर्तुगल, क्यानडा, आयरल्याण्ड, माल्दिभ्स, स्पेन, अष्ट्रेलिया, जापान, बेल्जियम, स्वीट्जरल्याण्ड, फिनल्याण्ड, जर्मनी, साइप्रस, न्युजिल्याण्ड, हङ्कङ्ग, भारत, माल्टा, पोल्याण्ड, रुस, फ्रान्स, म्यानमा, रोमानिया, स्वीडेन, नेदरल्याण्डसलगायत ३४ देशका नेपालीमा कोरोना संक्रमण देखिएको छ ।

एनआरएनएको सहजीकरण

संक्रमितमध्ये करीब चार हजार पाँच सय नेपाली कोरोना भाइरसबाट मुक्त भएको बताएको सापकोटाले जानकारी दिए । यो साता डनमार्क र टर्कीमा नेपालीमा नयाँ संक्रमण देखिएको हो । नेपालमा गएको चैत ११ गते देखि लागू गरिएको लकडाउन शनिबार राति बसेको मन्त्रिपरिषदले जेठ ३२ गतेसम्म कायम राख्ने निर्णय गरेको छ ।

मलेसियमा....

मलेसियामा तत्काल नेपाल फर्कनुपर्ने नेपाली नागरिकहरुको विवरण संकलन गर्न अनलाइन फारम भर्नेबाहेक विमान चार्टर गरेर नेपाली कामदारहरुलाई स्वदेश फर्काउने कुनै कार्यक्रम नरहेको भन्दै द्वितीय सचिव बस्नेतले नेपाल सरकारले कुनैपनि संघसंस्था वा समुहलाई चार्टर फ्लाईटको अनुमति नदिएको बताइन् । उनले कसैले चार्टर फ्लाईटका नाममा पैसा उठाए तुरुन्त दूतावासमा सम्पर्क गर्न पनि आग्रह गरेको बताइन् ।

चार्टर फलाईट खुलेको र बुकिङ जारी रहेको हल्ला मलेसियामा रहेका धेरै कामदारका कानसम्म पुगेपनि दूतावासले उक्त खबर कहाँबाट कसरी फैलिरहेको छ भन्ने विषयमा स्पष्ट जवाफ नदिँदा कतिपय कामदारले दूतावासप्रति नै आक्रोस व्यक्त गरेका छन् ।

भारतीयद्वारा बिओपीमा आक्रमण प्रयास

सर्लाही/मस- सर्लाहीको विष्णु गाउँपालिकास्थित भारतीय सिमा क्षेत्र पकडीमा भारतीय नागरिकले आक्रमणको प्रयास गरेका छन् । आइतबार विष्णु गाउँपालिका-५ फेनराबजारस्थित सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट (बिओपी) मा उनीहरुले आक्रमणको प्रयास गर्दा सशस्त्र प्रहरीले गोली चलाएको छ ।

सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्टमा आक्रमण गरी हतियारसमेत खोस्ने प्रयास भएपछि तत्काल हवाईफायर गरेको सशस्त्र प्रहरीका एक प्रहरी अधिकृतले बताएका छन् । जबर्जस्ती नेपाल प्रवेश गर्न खोजेपछि सर्लाहीको सीमा सुरक्षार्थमा खटिएको सशस्त्र प्रहरीको टोलीले एक राउण्ड हवाईफायर गरेको सशस्त्र प्रहरी बल १० नम्बर गण कविलासीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक गङ्गाराम श्रेष्ठले जानकारी दिए ।

भारतबाट अवैध सामान लिएर नेपालतर्फ आउन खोज्दा सशस्त्र प्रहरीले रोकेपछि उनीहरुले आफूहरुमाथि दुर्व्यवहार भएको भन्दै गाउँलेलाई बोलाएर आएपछि सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्टमा आक्रमणमा उत्रिएका थिए । झण्डै ४० जनाको समूहमा आएका उनीहरुले बिओपीमा आक्रमणको प्रयाससहित हतियार नै खोस्न खोजेपछि तत्काल फायर गर्न बाध्य भएको सशस्त्र प्रहरी जनाएको छ । आइतबार बिहान घटना भएको र अहिले त्यस क्षेत्रको अवस्था शान्तिपूर्ण रहेको सशस्त्र प्रहरी बल १० नम्बर गण कविलासीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक गङ्गाराम श्रेष्ठले बताए ।

औद्योगिक राष्ट्रहरूको जी सेभन बैठक स्थगित

वासिङ्टन, एजेन्सी-अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वका प्रमुख औद्योगिक राष्ट्रहरूको समूह (जी७) को शिखर सम्मेलन कम्तीमा आगामी सेप्टेम्बरसम्मका लागि स्थगित गरेका छन् । यही जुनको अन्त्यतिर हुनेगरी यसअघि तय भएको शिखर सम्मेलन कोरोनाभाइरसको सङ्क्रमण विश्वभरी फैलिएका कारण स्थगित गरिएको हो ।

सम्मेलनमा उनले भारत, रसिया, दक्षिण कोरिया र अस्ट्रेलियालाई निमन्त्रणा गर्ने पनि जानकारी दिए । अहिले जी७ को संरचना नै 'पुरानो र असान्दर्भिक' भइसकेको पनि राष्ट्रपति ट्रम्पले बताए । अमेरिकी संचार माध्यम सिएनएनका अनुसार राष्ट्रपति ट्रम्पले भनेका छन्, 'मैले जी ७ को बैठक कम्तीमा सेप्टेम्बरसम्मका लागि पछाडि सारेको छु, किनभने अहिले संसारमा जे संकट उत्पन्न भइरहेको छ, त्यसको सम्बोधनका लागि अहिलेको जि७ समूहले सम्बोधन गर्न सक्दैन ।'

विश्वका प्रमुख औद्योगिक राष्ट्रहरू संयुक्तराज्य अमेरिका, जापान, बेलायत, फ्रान्स, जर्मनी, इटाली र क्यानाडा जि७ मा सदस्य राष्ट्र हुन् । यो शिखर सम्मेलन यही जुन १० देखि १२ तारिखसम्म अमेरिकाको वासिङ्टन डिसीमा हुने तय भएको थियो ।

जी७ को अध्यक्षता सातै वटा मुलुकले आलोपालो गर्ने प्रचलन छ । अमेरिकी राष्ट्रपतिको कार्यालयका प्रवक्ता अलिस्सा फराहले अमेरिकाका परम्परागत मित्रराष्ट्र सहित कोरोनाभाइरसबाट प्रभावित राष्ट्रहरूलाई राष्ट्रपति ट्रम्पले समेट्न चाहना भएको बताउँदै बैठकमा चीनको भविष्यका बारेमा पनि छलफल हुने जानकारी दिए ।

जर्मन चान्सलर एन्जेला मर्केलको कार्यालयले जर्मनीमा कोरोनाभाइरसको प्रसार नरोकिएसम्म चान्सलर मर्केल जी७ को बैठकमा उपस्थित हुन नसक्ने जनाए लगत्तै ट्रम्पले बैठक स्थगित गरेको घोषणा गरेका थिए ।

राष्ट्रपति ट्रम्पले जी७ को संरचनामा फेरबदल गरी रसिया, भारत, दक्षिण कोरिया र अस्ट्रेलियालाई सामेल गर्ने प्रस्ताव गरेका थिए । तर क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले रसियालाई जी७ मा पुनः प्रवेश गराउने विषयमा आपत्ति जनाएका थिए । रसियालाई सन् २०१४ मा जी७ को सदस्यबाट हटाइएको थियो ।

अमेरिकाका दर्जनौं शहरमा निषेधाज्ञा घोषणा

मिनियापोलिस, एजेन्सी- संयुक्तराज्य अमेरिकाका प्रमुख शहरहरूमा प्रहरी दमनको बिरोधमा शनिबार विरोध प्रदर्शन तिब्र भएसँगै निषेधाज्ञा (कर्फ्यू) लगाइएको छ । प्रदर्शनकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पको चेतावनीलाई पनि बेवास्ता गरी सडकमा उत्रिएका थिए ।

अशान्तिको केन्द्रबिन्दु बनेको मिनियापोलिसमा लगातार पाँचौं दिन हिंसा फैलिएको छ । भीड नियन्त्रण गर्न खटाइएका दङ्गा प्रहरीले अश्रुग्यास र हवाई फायर गरेका थिए । गत सोमबार एक निहत्था अश्वेत व्यक्तिमाथि गोरा प्रहरीले अमानवीय ढङ्गबाट हत्या गरेको भन्दै हिंसा भड्किएको हो ।

लस एन्जलस, शिकागो र एटलान्टा समेतका दुई दर्जन शहरमा मानिसहरूलाई स्थानीय प्रशासनले निषेधाज्ञा घोषणा गरी रातभरि घरमै बस्न आदेश दिएको थियो । यहाँ नेसनल गार्डका सैनिकलाई पनि तैनाथ गरिएको थियो जुन अमेरिकी इतिहासमा बिरलै देख्न सकिने घटना हो ।

सियाटलदेखि न्यूयोर्कसम्म दशौं हजार प्रदर्शनकारी सडकमा उत्रिएका थिए । उनीहरूको एकमात्र माग थियो, अश्वेत युवा जर्ज फ्लोएडका हत्या आरोपी प्रहरीलाई कडाभन्दा कडा सजाय होस् र घटनामा संलग्न अरू प्रहरीलाई पनि गिरफ्तार गरियोस् ।

मिनियापोलिसका पुलिस अधिकृत डेरेक चौभिनले जर्ज फ्लोएडलाई ८ मिनेटसम्म घाँटीमा घुँडाले थिचेको हृदयबिदारक दृश्य सार्वजनिक भएपछि हिंसा भड्किएको हो । सास फेर्न छाडेपछि पनि चौभिनले झण्डै ३ मिनेटसम्म फ्लोएडको घाँटी थिचेको आरोप छ ।

लस एन्जलसमा उग्र प्रदर्शनकारीले प्रहरीको गाडीमा आगो लगाएपछि प्रहरीले उनीहरूलाई तितरबितर गर्न रबरको गोली र लाठीचार्ज गरेका थिए । शिकागो र न्यूयोर्क लगायतका धेरैवटा शहरमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएका थिए । फिलाडेल्फियामा प्रदर्शनकारीले पसलका झ्यालहरूमा ढुंगामुडा गरेर तोडफोड गरेका थिए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मिनियापोलिसमा भएका लुटपाट र आगजनीका लागि अति दक्षिणपन्थी समूह सक्रिय रहेको आरोप लगाएका छन् । प्रदर्शनकारीहरूले फ्लोयडको स्मृतिलाई पनि अनादर गरेको ट्रम्पले बताए ।

राष्ट्रपतिले भने, 'हामीले एउटा अराजक सानो समूहलाई हाम्रा शहरहरू तोडफोड गर्ने छुट दिनु हुँदैन । मेरो प्रशासनले भीडको हिंसा रोक्नेछ । र हामीले यसलाई निर्मम ढंगबाट रोक्नुको विकल्प छैन ।' अमेरिकी सीमा नाघेर प्रदर्शन क्यानाडाको टोरन्टो पनि पुगेको छ ।

प्रदर्शनकारीहरूले 'अश्वेतको जीवनको महत्व छ', 'म सास फेर्न सक्दिन' भन्ने जस्ता नारा अमेरिकादेखि क्यानाडासम्म लागेको छ । जर्ज फ्लोयडका भनाईहरू अहिले प्रहरी क्रुरताको नयाँ प्रतीक बनेका छन् ।

मिनेसोटाका गभर्नर टिम वाल्जले मिनियापोलिस सेन्टपल क्षेत्रमा प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिन १३ हजार शक्तिशाली राष्ट्रिय गार्ड (अर्धसैनिक प्रहरी) परिचालन गरिएको बताएका छन् । मिनियापोलिसतर्फ जाने सबै प्रमुख राजमार्गहरूमा शनिबार राति सैनिक हेलिकप्टरहरूले आकाशबाट गस्ती गरेका थिए ।

यसैबीच, अमेरिकी पूर्व उपराष्ट्रपति जो बाइडेनले संयुक्तराज्य अमेरिकाभर जारी जातीय प्रदर्शनसँगै भएको हिंसात्मक घटनाको निन्दा एवं भर्त्सना गरेका छन् । तर उनले अन्यायका विरुद्धमा आवाज उठाउने अमेरिकीहरूको अधिकार भएको बताएका छन् ।

'यस्तो क्रुरताको विरुद्धमा प्रदर्शन गर्न अधिकार र आवश्यक दुबै हो । तर आगजनी र अनावश्यक तोडफोड जरुरी होइन । मानिसको जीवनलाई खतरामा लैजाने हिंसा हामीले चाहेको होइन ।

'लकडाउन खोल्न सबैतिर हतारो'

ब्रासिलिया, एजेन्सी- विश्वभर महामारीका रूपमा फैलिएको कोरोनाभाइरसबाट आइतबारसम्म ६० लाखभन्दा बढी मानिस संक्रमित भएका छन् । पछिल्लो पटक ब्राजिलमा दैनिक संक्रमितको संख्या निकै बढी देखिएको छ ।

दक्षिण अमेरिकी मुलुकहरूमा आउँदो सप्ताह पनि निकै सकसपूर्ण हुने अनुमान गरिएको छ । कोरोनाभाइरस संक्रमितको संख्या वा मृत्यु हुने व्यक्तिको संख्यामा कमी आउने कुनै लक्षण देखिएका छैनन् । खासगरी ब्राजिलमा राष्ट्रपति जेयर बोल्सोनारो र अरू प्रमुख नेताहरूबीच नै भाइरसलाई लिएर मतभिन्नता कायमै छ ।

ब्राजिलमा संयुक्तराज्य अमेरिकापछि सबैभन्दा बढी कोरोनाभाइरस संक्रमित छन् । यहाँ संक्रमितको संख्या पाँच लाख नाघिसकेको छ भने मृत्यु हुने व्यक्तिको संख्या ३० हजार पुग्न लागेको छ । कोरोना प्रसार रोक्न जारी लकडाउन यथावत राख्ने वा हटाउने भन्नेमा नेताहरूबीच मतैक्य हुन सकेको छैन ।

राष्ट्रपति जेयर बोल्सोनारोको विचारमा लकडाउनबाट अर्थतन्त्रमा पुग्ने असर भाइरस भन्दा खतरनाक हुनेछ । उनले मुलुकका गभर्नर र मेयरहरूलाई लकडाउनको विकल्प खोज्न निरन्तर आग्रह गरिरहेका छन् ।

विश्वभर कोरोनाका कारण तीन लाख ६८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएसँगै संयुक्तराज्य अमेरिका, युरोप र एसियाका धेरै मुलुकले लकडाउन हटाउने वा जनजीवनलाई खुकुलो बनाउनेतिर ध्यान दिन थालेका छन् ।
युरोपेली युनियनले एक विज्ञप्ति प्रकाशन गरी देशहरूबीच थप सहयोग बढाई सामूहिक समाधान खोज्न आग्रह गरेको छ ।

जर्मनीका स्वास्थ्य मन्त्री हेन्स स्पाहनले विश्व स्वास्थ्य संगठनको सहयोग कटौती गर्ने अमेरिकी प्रशासनको निर्णय निकै निराशाजनक रहेको प्रतिक्रिया दिएका छन् ।

कोरोनाभाइरसको प्रसार रोक्ने प्रयासस्वरूप जारी लकडाउनले जनजीवन र अर्थव्यवस्था तहसनहस हुन लागेको भन्दै धेरै मुलुकले लकडाउनलाई खुकुलो बनाउन थालेका छन् । केही विज्ञहरूले लकडाउन खोल्नासाथ दोस्रो चरणको भाइरस प्रसार हुने खतरा औंल्याएका छन् ।

सोमबार लकडाउन हटाउने तयारी गरेको बेलायतमा सरकारका वरिष्ट सल्लाहकारहरूले लकडाउन खोल्न हतारिनु नहुने प्रतिक्रिया दिएका छन् । कोरोनाभाइरसका संक्रमितको संख्या डरलाग्दो गरी बढेको देखिए पनि भारतले शनिबार आगामी जुनको पहिलो सातासम्ममा लकडाउन खोल्नेगरी तयारी गरेको घोषणा गरेको छ । इरानमा पनि मस्जिदहरूमा सामूहिक प्रार्थनाका लागि खुला गर्न सकिने घोषणा गरेको छ ।

भारतमा कोरोना सङ्क्रमितको संख्या दिनप्रतिदिन बृद्धि

अघिल्ला दिनहरूमा दैनिक रूपमा सङ्क्रमित हुनेहरूको संख्या यो भन्दा थोरै रहेको थियो ।

नयाँदिल्ली, एजेन्सी-भारतमा कोरोनाभाइरसका कारण सङ्क्रमित हुनेहरूको दैनिक संख्यामा बृद्धि हुँदै गएको छ । अघिल्ला दिनहरूको तुलनामा पछिल्ला दिनमा सङ्क्रमित हुनेहरूको संख्या बढ्दै गइरहेको तथ्यांकले देखाएको छ ।

पछिल्लो २४ घण्टामा भारतमा आठ हजार ३८० जना नयाँ सङ्क्रमित देखिएका छन् । योसँगै भारतमा कुल सङ्क्रमितको संख्या एक लाख ८२ हजार १४३ पुगेको अधिकारीहरूले जनाएका छन् ।

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रूकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र आह्वानको म्याद थप गरिएको सूचना

सूचना प्रकाशन मिति :- २०७७/०२/१९

यस कार्यालयबाट मिति २०७७।०१।२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम तोकिएका विद्यालयहरुमा कम्प्यूटर ल्याब, स्मार्ट बोर्ड स्थापना र बालमैत्री कक्षा व्यवस्थापन गर्न कम्प्यूटर, स्मार्ट बोर्ड र बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निचर लगायतका सामानहरु खरिदका लागि सिलबन्दी दरभाउ आव्हान मार्फत दरभाउपत्र नं. SQ01/GOODS/076/077 र SQ02/GOODS/076/077 बाट आव्हान गरिएको सिलबन्दी दरभाउपत्रको दरभाउपत्र खरिद गर्नुपर्ने अन्तिम मिति २०७७।०२।१२ गते र दरभाउपत्र खोलिने मिति २०७७।०२।१३ गते तोकिएकोमा उल्लिखित दरभाउपत्रहरुको म्याद थप गरी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७७।०२।२५ गते कार्यालय समयभित्र र पेश गर्ने मिति २०७७।०२।२६ गते दिउँसो १२:०० बजे भित्र र खोल्ने मिति सोही दिनको दिउँसो ३:०० बजे तोकिने गरी म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७७।०२।१९

देहायका निर्माण कार्यको लागि दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको कबोल अङ्क सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

सि. नं.	ठेक्का नं.	आयोजनाको नाम र ठेगाना	बोलपत्रदाताको नाम रठेगाना	कबोल रकम रू. (मू.अ.कर बाहेक)
१.	AM/DDL/WORKS/NCB/06 -076/077	Tudikhel- Bhaliya-Suneda Road Construction , Ward no- 4	Nischal Construction Pvt.Ltd., Dadeldhura	रु.४,२७६,५७३।०० (बयालिस लाख छहत्तर हजार पाच सय त्रिहत्तर रुपैया मात्र)
२.	AM/DDL/WORKS/NCB/07 -076/077	Bhajanpur-Chhachoda-Kotkande Road Construction , Ward no- 6	SK Construction, Dadeddhura.	रु.३,८६५,७५६।०० (अठतिस लाख पैसठी हजार सात सय छपन्न रुपैया मात्र)

प्रमुख प्रशासकीय अधिकृत

Tripurasundari Rural Municipality
Office of the Rural Municipal Executive
Salyantar, Dhading
Bagmati Provience, Nepal

Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges

Contract Identification No: TRM/Dhading/10/076/077
Second Date of Publication: 2077/02/19

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Tripurasundari Rural Municipality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Tripurasundari Rural Municipality invites bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by www.nepaltrailbridges.org.np may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information at the office of Tripurasundari Rural Municipality.
5. Bidding documents is available at Tripurasundari Rural Municipality Office at Office Hours on submission of documents by eligible Bidders, upon payment of a non-refundable fee at Account no. 0940010007449 Mega Bank Sanchit Khata of Tripurasundari RM for bid documents as mentioned in the following table, until 15th day (2077/03/01) from the date of publication of this notice.
6. Bids must be submitted to the office of Tripurasundari Rural Municipality, Salyantar, Dhading on or before 12:00 (2077/03/01). Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Tripurasundari Rural Municipality on 14:00 (2077/03/01) at the office of Tripurasundari Rural Municipality, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, as mentioned below, which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 0940010037075, Mega Bank, Dharauti Khata of Tripurasundari Rural Municipality and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10.. Pre-Bid Meeting shall be held at the office of Tripurasundari Rural Municipality on 2077/02/25
11. The name and identification of the contract are as follows:

NCB No.	Description of Work (Fabrication Package)	Estimated Amount, NRs (Excluding VAT)	Bid Security Amount(Rs.)	Bid Document Fee
TRM/Dhading/10/076/077	Fabrication of steel parts and transportation up to road head of Kaste Khola & Hyapinge KholaTrail Bridge	18,53,695.23	52,500.00	3000.00

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Administrative Officer

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७

बजेट सन्तुलित छ, कार्यान्वनमा जोड दिउँ : एफएनसीसीआई

मध्यान्ह संवाददाता
काठमाडौं, १८ जेठ

नेपाल सरकारले बिहीबार सार्वजनिक गरेको आगामी आर्थिक बर्षको बजेटमा नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)ले समर्थन जनाएको छ। आईतबार एक विज्ञप्ती जारी गर्दै एफएनसीसीआईले आफ्ना केही मागहरु कुनै न कुनै तरिकाबाट सम्बोधन भएको बताएको हो ।

महासंघले समग्र अर्थतन्त्रको वर्तमान संवेदनशीलतालाई विचार गरी विज्ञहरुको समेत राय सल्लाह लिई तयार पारेर सरकारलाई पेश गरेका सुझावहरू मध्ये केही ठोस रूपमै र केही सुझावहरूलाई कुनै न कुनै रूपमा संवोधनको प्रयास गरिएकाले यसको स्वागत गरेको बताएको हो ।

यस्तै महासंघले विद्यमान असहज अवस्थामा अर्थतन्त्रलाई बचाउन ठोस उत्प्रेरणात्मक राहत प्याकेज ल्याउनु आवश्यक भएतापनि आएका राहत प्याकेज पनि छरिएर आएको र यसले अहिलेको अवस्थालाई संवोधन गर्न नसक्ने ठहर गरेको छ ।

यस्तै महासंघले कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपूर्ति श्रृंखलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, व्यापार, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरूत्थान गरी उपलव्ध साधन स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरूत्थान गर्दै विकास गतिलाई निरन्तरता दिने बजेटको उद्देश्य र प्राथमिकता किटान गरिएपनि ती उद्देश्य र प्राथमिकता पुरा गर्न सहयोग गर्ने वर्ग निजी क्षेत्रलाई भने बजेटले उत्साहित बनाउन नसकेको औंलयाएको छ ।

आम मानिसको जस्तै उद्योगी व्यवसायीको पनि बजेटप्रति निकै ठूलो अपेक्षा रहेको महासंघको भनाई छ । कोरोना महामारी र जारी लडडाउनका कारण विश्वका प्राय सबै देशहरूले उद्योग व्यवसाय सहित अर्थतन्त्रलाई ध्वस्त हुनबाट बचाउन अर्वौं डलरको राहत प्याकेज घोषणा गर्दा समेत नेपाल सरकारले ठोस संवोधन नगर िरहेको अवस्थामा बजेट मार्फत संवोधन हुने अपेक्षामा रहेको निजी क्षेत्र बजेटबाट थप उत्साहित हुन नसकेको बताएको हो ।

कोरोनाको महामारीमा स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिंदै स्वास्थ्य पूर्वाधार तथा स्वास्थ्य क्षेत्रको व्यवस्थापनमा बजेटले दिएको विशेष प्राथमिकता स्वागतयोग्य भएतापनि गत तीन आर्थिक वर्षको स्वास्थ्य मन्त्रालयको खर्च गर्ने क्षमता, तीनै तहका सरकार बीचको समन्वय र खर्च गर्ने क्षमताको कमीले कार्यान्वयनमा चुनौती रहेको बताएको छ । कृषि, पर्यटन, हवाई उडडयन, घरेलु तथा साना उद्योग, वन वातावरण क्षेत्रलाई केही संवोधनको प्रयास गरिएपनि निर्यात प्रवर्द्धन र उर्जाको विषयमा बजेट मौन छ । कृषि, घरेलु, साना तथा मझौला उद्योग, उत्पादनमुलक उद्योग, होटल, पर्यटन लगायतका क्षेत्रका उद्योग व्यवसायलाई ५ प्रतिशतसम्मको सहुलियत व्याजदरमा कर्जा उपलव्ध गराउन नेपाल राष्ट्र बैंकले एक खर्वसम्मको पुनरकर्जा सुविधा उपलव्ध गराउने कुरा स्वागतयोग्य छ। पुनरकर्जा सुविधा साना ठूला सबै तहका उद्योग व्यवसायले उपभोग गर्न पाउने सुनिश्चितता गराउनु पर्ने र बजेटले बैक तथा वित्तिय क्षेत्रका विषयमा उल्लेख गरेका प्रतिवद्धतालाई आगामी मौद्रिक नीतिले थप स्पष्ट पार्नुपर्ने महासंघको जोड छ । कोरोनाको कारण उत्पन्न व्यवसायिक अवसरको उपयोग गर्न नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी व्यवसायीलाई २ प्रतिशत व्याजदरमा उपलव्ध गराउने व्यवस्थाले स्टार्टअपहरूलाई प्रोत्साहित गर्ने विश्वास सहित यसको प्रभावकारी कार्यान्वयनमा महासंघको जोड छ ।

लघु, घरेलु तथा साना उद्योगी तथा व्यवसायीलाई लाग्ने आयकरमा उद्योग व्यवसायले गर्ने कारोवारका आधारमा दिइएको छुट, लघु उद्यमलाई आयकर छुटको अवधि दुई वर्ष थप गरी सात वर्ष र महिला उद्यमीद्वारा संचालित लघु उद्यमलाई तीन वर्ष थप गरी दश वर्षसम्म आयकर छुट, लघु बीमामा लाग्दै आएको मुअकर हटाइएको, लघु, घरेलु तथा साना उद्योग व्यवसायले आयात गर्ने कच्चा पदार्थ तथा मेसिनरी आयातमा भंसार महसुल घटाइएको, उद्योगले पैठारी गर्ने औद्योगिक कच्चा पदार्थको भंसार दर तयारी मालवस्तुको भन्दा कम्तीमा एक तह कम गर्न केही वस्तुहरूको कच्चा पदार्थको भंसार महसुल घटाइएको छ, जुन सकारात्मक छ ।

बजेटमार्फत विद्युतीय सवारीमा कर बढाएकोप्रति नाडाको आपत्ति

मध्यान्ह संवाददाता
काठमाडौं, १८ जेठ

अटोमोबाइल व्यवसायीहरुको छाता संगठन अटोमोबाइल एशोसिएसन अफ नेपाल(नाडा)ले विद्युतीय सवारीमा कर वृद्धि गरको प्रति कडा आपत्ति जनाएको छ। नाडाले आइतबार राजधानीमा पत्रकार सम्मेलन गर्दै सरकारले आगामी आर्थिक वर्ष २०७७र७८ को बजेटमार्फत विद्युतीय सवारीमा कर वृद्धि गर्ने निर्णयको विरोध जनाएको हो । पत्रकार सम्मेलनमार्फत नाडाले वृद्धि गरिएको कर यथासिघ्र फिर्ता गर्न र व्यवसायीहरुलाई सहज वातावरण तयार गरिदिन सरकारसँग जोडदार माग गरेको छ । पत्रकार सम्मेलनमा बोल्दै नाडाका अध्यक्ष कृष्णप्रसाद दुलाले चालू आर्थिक वर्षको बजेटमा स्वयम् सरकारले समेत पेट्रोलियम सवारीलाई निरुत्साहित गर्दै विद्युतीय सवारीको प्रयोगलाई प्रोत्साहन गर्ने गरी नीति ल्याएकोमा व्यवसायीहरु उत्साहित भएर लगानी बढाएकोमा सरकारले उल्टो कर वृद्धिको नीति ल्याएर व्यवसायीहरुलाई मारमा पार्ने काम भएको बताए। सरकारको यस खालको नीतिले व्यववसायीलाई मात्र नभएर मुलुकको हितलाई समेत गम्भीर असर पार्ने अध्यक्ष दुलालको भनाई छ । ‘चालू आर्थिक वर्षको बजेटमा अर्थमन्त्रीले बिद्युतीय सवारीमा भन्सार छुट दिने नीति लिनु भएकै हो । जसबाट हामी व्यवसायीहरु निकै उत्साहित भएका पनि थियौं। र त्यसै अनुरुप लगानी पनि गर्‍यौं । तर अहिले स्वयम् अर्थमन्त्रीले एक्कैपटक ८० प्रतिशतसम्म कर वृद्धि गरिदिनुभयो। यसप्रति हामी सबै व्यवसायीहरुको कडा आपत्ति छ।’ अध्यक्ष दुलालले भने, ‘हामी व्यवसायीहरु अविलम्ब उक्त वृद्धि गरिएको कर फिर्ता गर्न सरकारसँग जोडदार माग गर्दछौं।’ अध्यक्ष दुललाकाअनुसार अहिले सरकारले वृद्धि गरेको करका कारण विद्युतीय सवारीको मूल्य पेट्रोलियम सवारीको भन्दा पनि महङ्गो पर्न जाने र विद्युतीय सवारी अब कसैले पनि उपभोग नगर्ने बताए । जसले गर्दा नेपाल उत्पादन वृद्धि भइरहेको विद्युत समेत खेर जाने अवस्था आउने उनको भनाई छ। यसै अवसरमा नाडाले मुलुक कोरोनाको कहरसँग लडिरहेको बेला थप लकडाउनले सर्वसाधारण र व्यवसायीहरुको अवस्था नाजुक भएको भन्दै अब लकडाउन खोल्नुको विकल्प नभएको भन्दै सरकारलाई लकडाउन खोल्न समेत माग गरेको छ। त्यसका लागि सुरक्षित वातावरण तयार गर्न सरकारसँग माग गरेको छ भने व्यवसायीहरुले पनि सुरक्षाका लागि आवश्यक उपायहरु अपनाएर काममा फर्कन तयार रहेको प्रतिवद्धता व्यक्त गरेका छन् ।

श्री लालीगुराँसको ऋण लिएकाहरुलाई छुट सुविधा

ललितपुर, मस- ललितपुरको पुल्चोकमा रहेको श्री लालीगुँरास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले ऋण लिएका सदस्यलाई सुविधा दिने भएको छ । कोरोना भाइरस (कोभिड-१९) को संक्रमण माहामारीको रुपमा फैलिरहेको अवस्थामा तत्काल राहत उपलब्ध गराउन ऋण लिएका सदस्यलाइ यस्तो सुविधा उपलब्ध गराउन लागेको हो ।

संस्थाले असार मशान्तसम्म सो सुविधा उपलब्ध गराउने निर्णय गरेको छ। संस्थाका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीले ऋण लिएका सदस्यलाई व्यवहारिक रुपमा ब्याज तिर्न सहज हुन सकोस भन्ने उद्देश्यले सुविधा दिएको जानकारी दिए ।

संस्थाले भुक्तानी गर्न बाँकी ब्याज रकममा सम्पूर्ण ब्याज चुक्ता गरेमा जम्मा ब्याजको ५ प्रतिशत छुट दिने, ५० प्रतिशत भन्दा बढी ब्याज चुक्ता गरेमा ३ प्रतिशत छुट दिने व्यवस्था गरेको छ भने, भुक्तानी गर्न बाँकी हर्जना रकममा एक सय प्रतिशत छुट दिने घोषणा गरेको छ ।

विश्वब्यापी महामाहारीको रुपमा फैलिएको कोरोना भाइरसले पारेको असरलाई मध्य नजर गर्दै संस्थाले ऋण लिने सदस्यलाई छुटको व्यवस्था गरेको हो । नेपालको उत्कृष्ट सहकारीको रुपमा रहेको संस्थाले गरेको पहिलो निर्णय गर्ने संस्थाको रुपमा रहेको छ ।

संस्थाको ललितपुरको चापागाँउ, काठमाण्डौंको चाबहिल, र न्युरोड, भक्तपुरको कौशलटार र पर्सा चितवनको खैरहनी गरी ५ जिल्लामा सदस्य सुबिधा काउण्टर संचालन पनि गरेको छ ।

यसैबीच संस्थाले आफ्ना पुल्चोक स्थित मुख्य कार्यालय सहित ५ सदस्य सुविधा काउन्टरका कर्मचारी र सुरक्षा गार्डको कोरोना बीमा गरेको छ ।

संस्थाको चापागाउँ, चाबहिल, कौशलटार, पर्सा चितवन र न्युरोडका सम्पूर्ण कर्मचारी र सुरक्षा गार्डको बीमा गरिएको हो। संस्थाका प्रमुख कार्यकारी अधिकृत भण्डारीले कामको सिलसिलामा कार्यालय आउने कर्मचारीलाई कोरोना बीमा गरिएको जानकारी दिए ।

सरकारले ल्याएको कोरोना बीमा अन्तर्गत प्रति व्यक्ति एक लाख रुपियाको रहेको छ । पि.सि.आर. परीक्षण गर्दा कोरोना पोजेटिभ देखिए बिमित बीमा गरेको रकम पाउने भएका छन् । संस्थाको मुख्य कार्यालय र सदस्य सुविधा काउन्टरमा १ सय १८ जना कर्मचारी र सुरक्षा गार्डहरु कार्यरत रहेका छन् ।

सीटी एक्सप्रेस र युकेको गाभापेबीच सम्झौता

CITY EXPRESS
MONEY TRANSFER

काठमाडौं/मस-यूकेको रेमिटान्स कम्पनी गाभापे लिमिटेड र सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच रेमिटान्स कारोबार सुरु भएको छ। यूकेमात्र नभई टर्की, बाँकु, एस्टोनिया, रिगा र सेन्ट पिटर्सबर्गस्थित उपभोक्ताहरुले गाभापेको सेवा प्रयोग गरि सिटी एक्सप्रेसमार्फत अब सजिलै आफ्नो आफन्तलाई नेपालमा पैसा पठाउन सक्नेछन् । र नेपालमा सिटी एक्सप्रेससंग आबद्ध ७५०० भन्दा बढि एजेन्टहरुबाट सजिलै भुक्तानी लिन सकिने या कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाइल वालेटमा लोड गर्न सकिने छ। उक्त सम्झौतामा सिटी एक्सप्रेसको तर्फबाट सिटी एक्सप्रेस मनी ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डन र गाभापे लिमिटेडको तर्फबाट निर्देशक तथा शेयरधनी अरखान नासिबोभले हस्ताक्षर गरेका छन् । सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १३ वर्ष देखि कोरिया, जापान, कतार, साउदी, कुवेत, मलेसिया, अष्ट्रेलिया आदि थुप्रै देशहरु मार्फत विप्रेषण सेवा प्रदान गर्दै आईरहेको छ । आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका ७५०० भन्दा बढी भुक्तानी काउन्टरहरुबाट छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाइल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आईरहेको छ ।



COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**